बैठक सङ्ख्या ९ (नौं)

आज मिति २०७९ साल जेठ १७ गते मंगलबारका दिन सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा चिकित्सा शिक्षा आयोगको बैठक बस्यो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| सम्माननीय शेरबहादुर देउवा, प्रधानमन्त्री | अध्यक्ष |
| माननीय देवेन्द्र पौडेल, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्री | सहअध्यक्ष |
| माननीय बिरोध खतिवडा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री | सहअध्यक्ष |
| प्रा.डा. श्रीकृष्ण गिरी, उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग | उपाध्यक्ष |
| माननीय सदस्य डा. पुष्प रमण वाग्ले, राष्ट्रिय योजना आयोग | सदस्य |
| प्रा.डा. धर्मकान्त बाँस्कोटा, उपकुलपति, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर | सदस्य |
| प्रा.डा ज्ञानेन्द्र गिरी, उपकुलपति, वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | सदस्य |
| प्रा.डा. राजेश गंगल, उपकुलपती, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | सदस्य |
| श्री प्रमिलादेवी बज्राचार्य , सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| डा. रोशन पोखरेल, सचिव .डा. ~~गुणराज लोहनी, नि.सचिव~~, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| प्रा.डा. भीमप्रसाद सुवेदी, अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| श्री खगेन्द्रप्रसाद अधिकारी, उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य |
| डा. सन्तोषकुमार ठाकुर, अध्यक्ष, नेपाल आयुर्वेद चिकित्सा परिषद् | सदस्य |
| प्रा.डा. गेहनाथ बराल, अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य |
| प्रा. सरला के.सी., अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य |

| | |
|---|---|
| डा मोहनकृष्ण श्रेष्ठ, अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य |
| श्री प्रज्वलजङ्ग पाण्डे, अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल | सदस्य |
| प्रा.डा. शेखरबाबु रिजाल, अध्यक्ष, एशोसिएसन अफ हेल्थ प्रोफेसन्स एजुकेशनिष्ट अफ नेपाल | सदस्य |
| डा.मनकुमारी राई, अध्यक्ष, नेपाल नर्सिङ संघ | सदस्य |
| प्रा.डा रमेशकान्त अधिकारी, नागरिक समाज लब्धप्रतिष्ठित | सदस्य |
| प्रा.डा गिता गुरुङ, नागरिक समाज लब्धप्रतिष्ठित | सदस्य |
| प्रा.डा. भगवान कोइराला, अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| प्रा.डा दिव्या सिंह शाह, चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| प्रा.डा शैली प्रधान, चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| प्रा.डा जगदीशप्रसाद अग्रवाल, चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| डा.लोचन कार्की, अध्यक्ष, नेपाल मेडिकल एशोसिएसन | सदस्य |
| श्री बसुरुद्दिन अन्सारी, अध्यक्ष, एशोसिएसन अफ प्राइभेट मेडिकल तथा डेण्टल कलेज अफ नेपाल | सदस्य |
| डा. भोजराज शर्मा काफ्ले, सदस्य सचिव, चिकित्सा शिक्षा आयोग | सदस्य-सचिव |

आमन्त्रीत

प्रा.डा. दिलिप शर्मा, निर्देशक चिकित्सा शिक्षा आयोग

प्रा.डा. रमेशप्रसाद आचार्य, निर्देशक चिकित्सा शिक्षा आयोग

प्रा.डा. संघरत्न बज्राचार्य, निर्देशक चिकित्सा शिक्षा आयोग

प्रा.डा. आरती खनाल शाह, निर्देशक चिकित्सा शिक्षा आयोग

उपसचिव श्री भरतप्रसाद आचार्य, चिकित्सा शिक्षा आयोग

उपसचिव श्री उर्मीला जि.सि., चिकित्सा शिक्षा आयोग

ले.पा. श्री अनुपमा न्यौपाने, चिकित्सा शिक्षा आयोग

ना.सु श्री लिलमान भण्डारी, चिकित्सा शिक्षा आयोग

## चिकित्सा शिक्षा आयोग बैठकका निर्णयहरुः

**प्रस्ताव नं १ : राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ३२ बमोजिम आयोगको कोषको आर्थिक वर्ष २०७९।८० को बार्षिक अनुमानित आय तथा व्यय स्वीकृति सम्बन्धमा ।**

निर्णय नं १ : राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ३२ बमोजिम आयोगको कोषको आर्थिक वर्ष २०७८।७९ को बार्षिक अनुमानित आय तल तालिकका (क) मा उल्लिखित र अनुमानित व्यय तालिका (ख) स्वीकृत गर्ने । स्वीकृत अनुमानित आय व्ययको यथार्थ आम्दानी र खर्च आर्थिक वर्ष समाप्त भइ सकेपछिको बैठकवाट अनुमोदन गराउने साथै अनुमानित खर्च शीर्षकमा रकम बढी घटि भइ रकमान्तर गरी खर्च गर्नु पर्ने भएमा चिकित्सा शिक्षा आयोगको आन्तरिक कोष सञ्चालन कार्यविधि, २०७७ को दफा ८ बमोजिमको कार्यकारी समितिले सम्बन्धित शीर्षकमा १५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तरको निर्णय गरी खर्च गर्न सक्ने ।

तालिका (क) आ.व. २०७९/८० का लागि अनुमानित आय विवरण

| सि.न. | आम्दानीको शीर्षक | संख्या | दर | जम्मा रकम (रु हजारमा) |
|---|---|---|---|---|
| १ | आ.ब. २०७८/७९बाट बचत हुने मौज्दात | | | १३२६०० |
| २ | स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा शुल्क | ८५०० | ५ | ४२५०० |
| ३ | स्नातक तहको एकीकृत प्रवेश परीक्षा शुल्क | ३५००० | ४ | १४०००० |
| ४ | MD/MCh को प्रवेश परीक्षा शुल्क | ३५० | ५ | १७५० |
| ५ | सिट निर्धारण अनुगमन तथा निरीक्षण शुल्क | | | २०००० |
| ६ | Eligibility प्रमाणपत्र जारी शुल्क | | | २३०० |
| ७ | कार्यक्रम सम्बन्धन | | | ५००० |
| ८ | आशयपत्र नविकरण | | | २००० |
| ९ | पुनर्योग शुल्क | | | १००० |
| | जम्मा रकम | | | ३४७१५० |

## तालिका (ख) आ.व. २०७९/८० का लागि अनुमानित व्ययविवरण

| सि.न. | कार्यक्रम | खर्च शीर्षक | रकम (रु हजारमा) |
|---|---|---|---|
| (अ) पुँजीगत तर्फका कार्यक्रमहरु | | | |
| १ | पुँजिगत अनुसन्धान तथा परामर्श | ३११७२ | ३००० |
| २ | कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशिनरी औजार | ३११२२ | १५८०० |
| ३ | फर्निचर तथा फिक्चर्स | ३११२३ | १५३०० |
| ४ | कम्प्युटर सफ्टवयर निर्माण तथा खरिद खर्च | ३११३४ | १६५०० |
| ५ | सरसफाइ संरचनाको निर्माण | ३११५८ | ५०० |
| ६ | गैर आवासिय भवन निर्माण | ३१११२ | ३००० |
| ७ | सवारी साधान खरिद | ३११२१ | ७००० |
| | पुँजिगतको जम्मा | | ६११०० |
| (आ) चालु तर्फका कार्यक्रमहरु | | | |
| १ | विभिन्न मूल्याङ्कन समितिहरुका बैठक सञ्चालन खर्च | २११३४ | ८०० |
| २ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | १०० |
| ३ | पाले पहराका लागि अन्य भत्ता | २११३९ | १२०० |
| ४ | आयोग र कार्यकारी समिति बैठक सञ्चालन खर्च | २११४१ | २००० |
| ५ | पदाधिकारीका लागि संचार लगायत सुविधा खर्च | २११४२ | ५० |
| ६ | पानी तथा बिजुली | २२१११ | १७५० |
| ७ | सञ्चार महशुल | २२११२ | १६९६ |
| ८ | पदाधिकारी इन्धन | २२२११ | २७०० |
| ९ | कार्यालय प्रयोजन इन्धन | २२२१२ | २४०० |
| १० | सवारी साधन मर्मत खर्च | २२२१३ | ३३०० |
| ११ | बीमा शुल्क र नविकरण शुल्क | २२२१४ | १०० |
| १२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | १२०० |
| १३ | निर्मित सार्वजनिक सम्पतिको मर्मत तथा सम्भार खर्च | २२२३१ | १००० |
| १४ | फर्निचर तथा फिक्चर्सको मर्मत तथा सम्भार | २२२९१ | ५०० |
| १५ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | ६००० |
| १६ | इन्धन अन्य प्रयोजन | २२३१४ | ५०० |
| १७ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | ४००० |

| सि.न. | कार्यक्रम | खर्च शीर्षक | रकम (रु हजारमा) |
|---|---|---|---|
| १८ | सेवा र परामर्श खर्च | २२४११ | १२१०० |
| १९ | सूचना प्रणाली तथा सफ्टवेयर निर्माण र सञ्चालन खर्च | २२४१२ | २२०० |
| २० | करार सेवा | २२४१३ | २५०० |
| २१ | कर्मचारी क्षमता विकास खर्च | २२५११ | ९५०० |
| २२ | कार्यक्रम खर्च | २२५२२ | १२५५६० |
| २३ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | १९००० |
| २४ | अन्य भ्रमण खर्च | २२६१९ | २०० |
| २५ | विविध खर्च | २२७११ | ३५०० |
| २६ | World Federation Of Medical Education को सदस्यता सम्बन्धी कार्य | २६२११ | ६०० |
| २७ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २८१४३ | ६८०० |
| २८ | कार्य सञ्चालन कोषमा नगद मौज्दात निरन्तरता | २८९१० | ७४७९४ |
| | चालुको जम्मा | | २८६०५० |
| | चालु र पुँजिगत दुवैको जम्मा | | ३४७१५० |

प्रस्ताव नं २. संघीय संसद, प्रतिनिधि सभा, शिक्षा तथा स्वास्थ्य समितिको च.नं. ४९ मिति २०७८/०६/१५ को चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीहरु तथा स्थानीयबासीको आरक्षणका सम्बन्धमा दिएको निर्देशन र सो सम्बन्धी सम्मानीत सर्वोच्च अदालतबाट भएको फैशला समेत अध्ययन गरी सुझाव पेश गर्ने सम्बन्धमा ।

निर्णय नं २. संघीय संसद, प्रतिनिधि सभा, शिक्षा तथा स्वास्थ्य समितिको चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीहरु तथा स्थानीयबासीको आरक्षणका सम्बन्धमा प्राप्त निर्देशन तथा सम्मानित सर्वोच्च अदालतको मुद्दा नम्बर ०७७-WO-०२३७ मा भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि बृहद अध्ययन गरी आयोगमा सिफारिश गर्न चिकित्सा शिक्षा आयोगका एकजना सदस्यको संयोजकत्वमा कानून व्यवसायी समेत सम्मिलित भएको एक समिति कार्यकारी समितिबाट गठन गरी कार्य सम्पादन गराउने ।

**प्रस्ताव नं. ३ :** राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १८ बमोजिम शैक्षिक सत्र २०७८/०७९ को लागि शिक्षण शुल्क निर्धारण सम्बन्धमा ।

निर्णय नं ३. चिकित्सा शिक्षाका सबै तह र विधामा शैक्षिक सत्र २०७८/७९ समूह (ब्याच) का लागि कार्यकारी समितिबाट गठित शुल्क सिफारिश कार्यदलले पेश गरेको प्रतिवेदन अनुसार गत वर्ष कायम रहेको शुल्कमा ३.६ (तीन दशमलव छ) बृद्धि गरी देहाय बमोजिम शुल्क कायम गर्ने गर्ने ।

क) स्नातक तहका लागि प्रस्ताव गरिएको शुल्क

| क.सं. | कार्यक्रम | शै.सत्र २०७७/२०७८ कायम भएको शुल्क | शै.सत्र २०७८/७९ का लागि निर्धारण भएको शुल्क |
|---|---|---|---|
| १ | MBBS (उपत्यका भित्र) | ४०,२३,२५० | ४१,६८,०९० |
| | MBBS (उपत्यका बाहिर) | ४४,३६,०२५ | ४५,९५,७२० |
| २ | BDS | २०,१९,५८० | २०,९२,२१० |
| ३ | B.Sc. Nursing | १०,००,००० | १०,३६,००० |
| ४ | BPT | ७,५०,००० | ७,७७,००० |
| ५ | B.Sc. MIT | ७,५०,००० | ७,७७,००० |
| ६ | B.Sc. MLT | ७,५०,००० | ७,७७,००० |
| ७ | B. Medical Microbiology | ७,५०,००० | ७,७७,००० |
| ८ | B. Medical Biochemistry | ७,५०,००० | ७,७७,००० |
| ९ | BAMS | १०,९२,६०० | ११,३१,९३० |
| १० | BNS/PBN | ५,००,००० | ५,१८,००० |
| ११ | B. Pharmacy | ७,५०,००० | ७,७७,००० |
| १२ | Pharm D | ६,५०,००० | ६,७३,४०० |
| १३ | BPH | ७,५०,००० | ७,७७,००० |
| १४ | B.Optm | ७,५०,००० | ७,७७,००० |
| १५ | B.Per.Tech. | ७,५०,००० | ७,७७,००० |
| १६ | BASLP | ७,५०,००० | ७,७७,००० |

ख) स्नातकोत्तर तहका लागि सिफारिश गरिएको शुल्क

| क्र.सं. | कार्यक्रम | शै.सत्र २०७७/२०७८ कायम भएको शुल्क | शै.सत्र २०७८/७९ का लागि निर्धारण भएको शुल्क |
|---|---|---|---|
| १७ | M.Sc. Medical Microbiology | ७,३१,५०० | ७,५७,८३० |
| १८ | M.Sc. Medical Biochemistry | ७,३१,५०० | ७,५७,८३० |
| १९ | M.Sc. MIT | ७,३१,५०० | ७,५७,८३० |
| २० | M.Sc. MLT | ७,३१,५०० | ७,५७,८३० |
| २१ | MD Pediatrics | २२,९९,००० | २३,८१,७६० |
| २२ | MD Anaesthesiology | २२,९९,००० | २३,८१,७६० |
| २३ | MD Biochemistry/Clinical Biochemistry | २२,९९,००० | २३,८१,७६० |
| २४ | MD Community Medicine | १०,४८,१३५ | १०,८५,८७० |
| २५ | MD Dermatology | २२,९९,००० | २३,८१,७६० |
| २६ | MD Forensic Medicine | १०,४८,१३५ | १०,८५,८७० |
| २७ | MD General Practice and Emergency Medicine | २२,९९,००० | २३,८१,७६० |
| २८ | MD Internal Medicine | २२,९९,००० | २३,८१,७६० |
| २९ | MD Microbiology/Clinical Microbiology | १०,४८,१३५ | १०,८५,८७० |
| ३० | MD Pathology/Clinical Pathology | २२,९९,००० | २३,८१,७६० |
| ३१ | MD Pharmacology/Clinical Pharmacology | १०,४८,१३५ | १०,८५,८७० |
| ३२ | MD Physiology/Clinical Physiology | १०,४८,१३५ | १०,८५,८७० |
| ३३ | MD Psychiatry | २२,९९,००० | २३,८१,७६० |
| ३४ | MD Radiation Oncology | २२,९९,००० | २३,८१,७६० |

| क्र.सं. | कार्यक्रम | शै.सत्र २०७७/२०७८ कायम भएको शुल्क | शै.सत्र २०७८/७९ का लागि निर्धारण भएको शुल्क |
|---|---|---|---|
| ३५ | MD Radiodiagnosis/Radiology | २२,९९,००० | २३,८१,७६० |
| ३६ | MD/MS Obstetrics and Gynaecology | २२,९९,००० | २३,८१,७६० |
| ३७ | MD/MS Ophthalmology | २२,९९,००० | २३,८१,७६० |
| ३८ | MD/MS Otorhinolaryngology (ENT) | २२,९९,००० | २३,८१,७६० |
| ३९ | MDS Orthodontics and dentofacial Orthopaedics | २२,९९,००० | २३,८१,७६० |
| ४० | MDS Oral Pathology | १०४८१३५ | १०८५८७० |
| ४१ | MDS Periodontology and Oral implantology | २२,९९,००० | २३,८१,७६० |
| ४२ | MDS Prosthodontics | २२,९९,००० | २३,८१,७६० |
| ४३ | MDS Oral and Maxillofacial Surgery | २२,९९,००० | २३,८१,७६० |
| ४४ | MDS Conservative Dentistry and Endodontics | २२,९९,००० | २३,८१,७६० |
| ४५ | MDS Pedodontics and Preventive Dentistry | २२,९९,००० | २३,८१,७६० |
| ४६ | MDS Oral Medicine and radiology | २२,९९,००० | २३,८१,७६० |
| ४७ | MDS Public health Dentistry | १०,४८,१३५ | १०,८५,८७० |
| ४८ | MS Anatomy/Clinical Anatomy | १०,४८,१३५ | १०,८५,८७० |
| ४९ | MS General Surgery | २२,९९,००० | २३,८१,७६० |
| ५० | MS Orthopedics/Orthopaedics and Trauma Surgery | २२,९९,००० | २३,८१,७६० |
| ५१ | MD Aayurved | ९,२४,३६५ | ९,५७,६४० |
| ५२ | MN/Msc Nursing | ८,८८,२५० | ९,२०,२३० |
| ५३ | MPH | ८,८८,२५० | ९,२०,२३० |

| क्र.सं. | कार्यक्रम | शै.सत्र २०७७/२०७८ कायम भएको शुल्क | शै.सत्र २०७८/७९ का लागि निर्धारण भएको शुल्क |
|---|---|---|---|
| ५४ | M Pharmacy | ५,०१,६०० | ५,१९,६६० |

ग) स्नातकोत्तर तहभन्दा माथिका लागि सिफारिश गरिएको शुल्क

| क्र.सं. | कार्यक्रम | शै.सत्र २०७७/२०७८ कायम भएको शुल्क | शै.सत्र २०७८/७९ का लागि निर्धारण भएको शुल्क |
|---|---|---|---|
| ५५ | M.Phil Clinical Psychology | २,९३,६४५ | ३,०४,२२० |
| ५६ | DM/MCh | २५,००,००० | २५,९०,००० |

**प्रस्ताव नं ४ बैदेशिक अध्ययनका लागि चिकित्सा शिक्षा आयोगबाट जारी हुने इलिजिविलिटि प्रमाण पत्र र विदेशी विद्यार्थीहरु नेपालमा अध्ययन गर्न आवश्यक पर्ने इलिजिविलिटि सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न एक कार्यदल गठन गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४.** चिकित्सा शिक्षा आयोगबाट चिकित्सा शिक्षामा बैदेशिक अध्ययन गर्न जारी हुने इलिजिविलिटि प्रमाणपत्र वितरण प्रक्रिया र त्यसले पारेको असर अध्ययन गरी सुधारका लागि सुझाव दिन र विदेशी विद्यार्थीहरुलाई नेपालमा अध्ययन गर्ने सहज तरीका अपनाउन अवलम्वन गर्न सकिने उपायहरु सुझाउन आयोगका सदस्यको संयोजकत्वमा चिकित्सा शिक्षाका विज्ञ सम्मिलित एक कार्यदल कार्यकारी समितिले गठन गर्ने ।

**निर्णय नं ५: कार्यकारी समितिबाट विभिन्न मितिमा भएका तपसिल बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने**

क) आयोगको मिति २०७८ जेठ २८ गतेको बैठकको निर्णय नं १ अनुसार स्वीकृत आन्तरिक बजेट तर्फ रकम घटी बढी भई सोही निर्णय र आन्तरिक कोष सञ्चालन कार्यविधिको अधिनमा रही कार्यकारी समितिको मिति २०७९/०१/०६ र मिति २०७९/०२/०५ को निर्णयबाट रकमान्तर गरिएको कूल रकम रु ३७,००,०००/००

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सँलग्न सूची बमोजिमका शिक्षण संस्थाहरुको स्तरोन्नति र संस्था सञ्चालनका लागि आशयपत्र प्रदान र सिट निर्धारण सम्बन्धमा

कार्यकारी समितिबाट मिति २०७८/०८/०७ गते र मिति २०७८/११/०५ मा भएका निर्णयहरु,

| क्र.सं | संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | मिलिनियम टेक्निकल इन्स्टिच्युट, धनकुटा | ल्याब असिस्टेण्ट | कार्यकारी समितको मिति २०७८/११/०५ को निर्णयबाट स्तरोन्नति गरिएको । |
| २ | बंगालमुखी मल्टीपल टेक्निकल इन्स्टिच्युट, इटहरी, सुनसरी | सि.एम.ए. | |
| | | ल्याब असिस्टेण्ट | |
| | | आयुर्वेदिक | |
| ३ | सगरमाथा टेक्निकल इन्स्टिच्युट, विराटनगर, मोरङ | सि.एम.ए. | |
| | | अनमी | |
| | | ल्याब असिस्टेण्ट | |
| ४ | दमक टेक्निकल एजुकेशन फाउण्डेशन, दमक, झापा | ल्याब असिस्टेण्ट | |
| ५ | बाम्दा इन्स्टिच्युट अफ हेल्थ साइन्स, दमक, झापा | सि.एम.ए. | |
| | | अनमी | |
| | | ल्याब असिस्टेण्ट | |
| ६ | रामप्रसाद मक्षेन्द्र टेक्निकल इन्स्टिच्युट, भद्रपुर, झापा | ल्याब असिस्टेण्ट | |
| ७ | सिद्धकाली टेक्निकल इन्स्टिच्युट, बिर्तामोड, झापा | ल्याब असिस्टेण्ट | |
| ८ | इटहरी हेल्थ कलेज, इटहरी, सुनसरी | अनमी | |
| ९ | कोशी हेल्थ इन्स्टिच्युट, विराटनगर, मोरङ | ल्याब असिस्टेण्ट | |
| | | सि.एम.ए. | |
| १० | मकालु टेक्निकल इन्स्टिच्युट प्रा.लि., खांदबारी १०, संखुवासभा | सि.एम.ए. | |
| | | ल्याब असिस्टेण्ट | |
| ११ | मोडर्न इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रा.लि. गाइघाट, उदयपुर | सि.एम.ए. | |
| | | ल्याब असिस्टेण्ट | |
| | | अनमी | |

| | | |
|---|---|---|
| | | आयुर्वेदिक |
| १२ | गोल्डेन पार्क कलेज, विराटनगर, मोरङ | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| १३ | नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, विराटनगर, मोरङ | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| १४ | धनकुटा टेक्निकल इन्स्टिच्युट, इटहरी, सुनसरी | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| १५ | मेची मोडेल टेक्निकल एकेडेमी एण्ड कन्सल्टेन्सी, दमक, झापा | ल्याब असिष्टेण्ट |
| १६ | मेची टेक्निकल ट्रेनिङ एकेडेमी, बिर्तामोड, झापा | सि.एम.ए. |
| | | अनमी |
| | | |
| १७ | शंकर टेक्निकल इन्स्टिच्युट, जनकपुर | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| | | आयुर्वेदिक |
| १८ | इन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेण्ट, जनकपुर | सि.एम.ए. |
| | | अनमी |
| १९ | आर जे टेक्निकल इन्स्टिच्यूट (राम जानकी टेक्निकल इन्स्टिच्यूट) धनुषा | ल्याब एसिस्टेन्ट |
| २० | राजदेवी टेक्निकल इन्स्टिच्युट, राजविराज, सप्तरी | अनमी, |
| | | सि.एम.ए. |
| २१ | हिमाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ रिसर्च सेन्टर, विरगन्ज, पर्सा | सि.एम.ए |
| | | अनमी |
| २२ | इन्स्टिच्युट अफ रुरल हेल्थ विरगंज, पर्सा | सि.एम.ए |
| २३ | रारा प्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरी | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| २४ | प्राविधिक प्रशिक्षण केन्द्र, सिन्धुली | अनमी |

| | | |
|---|---|---|
| | | सि.एम.ए. |
| २५ | काभ्रे हेल्थ ट्रेनिङ सेन्टर, बनेपा, काभ्रे | सि.एम.ए. |
| | | अनमी |
| २६ | जनस्वास्थ्य प्राविधिक अध्ययन संस्थान, धादिङ ( जनस्वास्थ्य तथा प्राविधिक अध्ययन) | सि.एम.ए. |
| २७ | दोलखा बहुउद्देश्यीय तालीम संस्थान, चरिकोट, दोलखा | सि.एम.ए. |
| | | अनमी |
| २८ | दोलखा हेल्थ टेक्निकल कलेज, चरिकोट, दोलखा | ल्याब असिष्टेण्ट |
| २९ | जनशक्ति विकास तथा अनुसन्धान संस्थान, काठमाण्डौ | अनमी |
| | | ल्याब असिष्टेण्ट |
| | | सि.एम.ए. |
| ३० | अम्बिका हेल्थ ट्रेनिङ स्कुल, सल्लाधारी, भक्तपुर | ल्याब असिष्टेण्ट |
| | | सि.एम.ए. |
| ३१ | सामुदायिक स्वास्थ्य इन्स्टिच्युट, काठमाण्डौ | सि.एम.ए. |
| ३२ | विनायक टेक्निकल इन्स्टिच्युट, काठमाण्डौ (विनायक प्रा. शि., गोंगबु) | सि.एम.ए. |
| | | ल्याब असिष्टेण्ट |
| ३३ | विनायक कलेज अफ हेल्थ साइन्स, बत्तिसपुतली, काठमाण्डौ | ल्याब असिष्टेण्ट |
| ३४ | भिक्टोरिया टेक्निकल कलेज, काठमाण्डौ, कोटेश्वर | ल्याब असिष्टेण्ट |
| ३५ | स्कुल अफ टेक्निकल एजुकेशन, काठमाण्डौ, कामनपा ३२ | ल्याब असिष्टेण्ट |
| ३६ | सामुदायिक स्वास्थ्य प्रतिष्ठान, काठमाण्डौ | ल्याब असिष्टेण्ट |
| ३७ | मकवानपुर टेक्निकल इन्स्टिच्युट, हेटौडा, मकवानपुर | ल्याब असिष्टेण्ट |
| | | सि.एम.ए. |
| | | अनमी |
| ३८ | बागमती इन्स्टिच्युट अफ टेक्निकल साइन्स, कोटेश्वर, काठमाण्डौ | ल्याब असिष्टेण्ट |
| ३९ | ओजश्वी एकेडेमी प्रा.लि., सामाखुसी, काठमाण्डौ | ल्याब असिष्टेण्ट |
| ४० | सिंह एकेडेमी प्रा.लि., सामाखुसी, काठमाण्डौ | ल्याब असिष्टेण्ट |

| | | |
|---|---|---|
| ४१ | काठमाण्डौ स्वास्थ्य प्राविधिक विद्यालय, काठमाण्डौ | ल्याव असिष्टेण्ट |
| ४२ | गण्डकी टेक्निकल ट्रेनिङ सेन्टर, व्यास नगरपालिका, तनहुँ | सि.एम.ए. |
| ४३ | गोरखा प्राविधिक प्रशिक्षण केन्द्र प्रा.लि., गोरखा | सि.एम.ए. |
| ४४ | गण्डकी टेक्निकल इन्स्टिच्युट प्रा.लि., पोखरा १०, कास्की | ल्याव असिष्टेण्ट |
| ४५ | कालिका मेडिकल टेक्निकल इन्स्टिच्यूट नवलपरासी गैडाकोट | सी एम ए |
| | | ल्याब असिस्टेन्ट |
| ४६ | गोरखा साइन्स एण्ड टेक्निकल एजुकेशन सहकारी संस्था, गोरखा | ल्याव असिष्टेण्ट |
| ४७ | ब्रक्सबृज इन्टरनेशनल एकेडेमी, बुटवल, रुपन्देही | ल्याव असिष्टेण्ट |
| ४८ | कलेज अफ एलाइड टेक्निकल साइन्स, नेपालगञ्ज, बाँके | ल्याव असिष्टेण्ट |
| ४९ | दाङ पोलिटेक्निक इन्स्टिच्यूट, दाङ | ल्याव असिष्टेण्ट |
| ५० | दाङ टेक्निकल इन्स्टिच्यूट, घोराही, दाङ | सि.एम.ए. |
| | | ल्याव असिष्टेण्ट |
| ५१ | रम्भा देवी कलेज अफ मेडिकल, बुटवल, रुपन्देही | ल्याव असिष्टेण्ट |
| ५२ | पाल्पा टेक्निकल इन्स्टिच्युट, तानसेन, पाल्पा | सि.एम.ए. |
| | | ल्याव असिष्टेण्ट |
| | | अनमी |
| ५३ | कैलपाल एकेडेमी फर हेल्थ साइन्स, नेपालगञ्ज, बाँके | सि.एम.ए. |
| ५४ | लुम्बिनी इन्स्टिच्युट अफ टेक्निकल साइन्स, बुटवल, रुपन्देही | अ.न.मी. |
| | | सि.एम.ए. |
| ५५ | तुलसीपुर प्राविधिक विद्यालय, दाङ | ल्याव असिष्टेण्ट |
| ५६ | नेपालगञ्ज हेल्थ क्याम्पस, नेपालगञ्ज, बाँके | ल्याव असिष्टेण्ट |
| ५७ | बर्दिया मेडिकल इन्स्टिच्युट, गुलरिया, बर्दिया, गुलेरिया ५ | आयुर्वेदिक |
| | | ल्याव असिष्टेण्ड |
| ५८ | कपिलवस्तु टेक्निकल इन्स्टिच्युट, बाणगंगा २, पिपरा कपिलवस्तु | ल्याव असिष्टेण्ट |
| | | सि.एम.ए |
| | | अनमी |

| | | | |
|---|---|---|---|
| ५९ | राष्ट्रिय प्राविधिक शिक्षालय, सुर्खेत | ल्याब असिष्टेण्ट | |
| | | आयुर्वेदिक | |
| ६० | दैलेख टेक्निकल स्कुल, नारायण न.पा. १, दैलेख | ल्याब असिस्टेन्ट | |
| ६१ | सुर्खेत प्राविधिक संस्था प्रा.लि., सुर्खेत | सि.एम.ए. | |
| ६२ | देउती टेक्निकल टेनिङ इन्स्टिच्युट, विरेन्द्रनगर, सुर्खेत | ल्याब असिष्टेण्ट | |
| ६३ | अत्तरिया टेक्निकल कलेज, अत्तरिया, कैलाली | ल्याब असिष्टेण्ट | |
| ६४ | ह्वाइट पार्क कलेज, अमरगढी, डडेलधुरा | आयुर्वेदिक | |
| | | ल्याब असिष्टेण्ट | |
| ६५ | नवजीवन कलेज अफ नर्सिङ हेल्थ साइन्स, धनगढी, कैलाली | ल्याब असिष्टेण्ट | |
| ६६ | नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालय नरेफाँट, काठमाडौं | डिप्लोमा इन फार्मेसी | कार्यकारी समितिको मिति २०७८/०८/०७ को निर्णयानुसार आशयपत्र प्रदान |

ग) चिकित्सा शिक्षा आयोगको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटि तर्फ स्पेसियालिटि र सबस्पेसियालिटि कार्यक्रमहरुका लागि कार्यकारी समितिले मिति २०७८/०९/०६ मा गरेको देहाय बमोजिमको शुल्क निर्धारणको निर्णय,

- रजिष्ट्रेशन दस्तुर रु ५०,०००।०० अक्षेरपी रुपैया पचास हजार मात्र ( पहिलो वर्षमा)
- थेसिस/ लगबुक- इलग बुक/ रिभ्यू रु ५०,०००।०० अक्षेरपी रुपैया पचास हजार मात्र ( दोस्रो वर्षमा)
- NBMS को सबै प्रकारका परीक्षा र उपाधि समेतका लागि रु २,००,०००।०० अक्षेरपी रुपैया दुईलाख मात्र (अन्तिम वर्षमा)

जानकारी गराउने विषयहरु:

१) आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजित बजेट बजेट शीर्षक नं ३५०२१०१४३ मा रु ५१,७०,५४,००० निकासा भई रु ४३,४६,०४,९३६.५६ खर्च भएको थियो भने बजेट शीर्षक नं ३५०२१०१४४ मा ३,५५,००,००० बार्षिक बजेट तोकिएकोमा २,६२,३१,१७४.६३ खर्च भई कुनै पनि कार्यक्रम र शीर्षकमा बेरुजु नरहेर आयोग बेरुजु शुन्य स्थितिमा रहेको छ ।

२) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रस्ताव बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०९/१४ को निर्णयबाट चिकित्सा शिक्षाको स्नातक तहमा चीन लगायतका मुलुकमा अध्ययन गरेका विद्यार्थीहरुको बाँकी अध्ययन/प्रयोगात्मक अभ्यास/क्रेडिट ट्रान्सफर लगायत इन्ट्रनसीप पुरा गराउने विषयमा सैद्धान्तिक स्वीकृती प्राप्त भई कार्यान्वयनको लागि चिकित्सा शिक्षा आयोगमा प्राप्त भएकामा प्रस्ताव बमोजिम निर्णयहरु कार्यान्वयनका सम्बन्धमा विश्वविद्यालय र प्रतिष्ठानहरुका उपकूलपति र डीनज्यूहरु र नेपाल मेडिकल काउन्सिलसँग दुई चरणमा बैठक बसी प्राप्त सुझाव र निर्णयका अधारमा देहाय बमोजिम गर्न सिफारिश गरेको छ ।

क) "सम्वन्धित विश्वविद्यालयबाट पढाई पूरा गरेका र इन्टर्नसीप गर्न बाँकी रहेका विद्यार्थीहरुको हकमा सन् २०१४ र २०१५ ब्याचका विद्यार्थीहरुलाई इन्टर्नसीप गराउन गरिएको विधि अपनाउन सकिने ।

ख) क्रेडिट गणनागरि स्थानान्तरण/सैद्धान्तिक अध्ययन/ प्रयोगात्मक अभ्यास र इन्टर्नसीप समेतको व्यवस्था मिलाउने सन्दर्भमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १६ बमोजिमको एकीकृत प्रवेश परीक्षामा उत्तिर्ण भएका विद्यार्थीहरुलाई मात्र नेपालका शिक्षण संस्थामा अध्ययनको लागि सिफारिश गर्न सकिने, ऐ ऐनको दफा १७ बमोजिम विद्यार्थी भर्नाका लागि निर्धारित मापदण्डका आधारमा शिक्षण संस्थागत रुपमा सिट सङ्ख्या तोकि दफा १६ बमोजिमको परीक्षा उत्तिर्ण गरेका विद्यार्थीहरु पुर्ण क्षमतामा भर्ना भइ सकेका, नेपालका विश्वविद्यालयहरुमा क्रेडिट सिस्टम नभएको कारण विदेशी विश्वविद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुको क्रेडिट गणना गरी अङ्क पद्दतिमा रुपान्तरण गर्न नसकिने अवस्था रहेकाले बेग्लै कानून निर्माण गरेर छुट्टै संयन्त्रबाट त्यस प्रकारका विद्यार्थीहरुको व्यवस्थापन गर्न उचित हुने व्यहोरा शिक्षा, विज्ञान तथा प्रवधि मन्त्रालयलाई अनुरोध गर्ने"

३) चिकित्सा शिक्षाका स्नातक तहमा शैक्षिक सत्र २०७८/७९ का लागि देहाय बमोजिम सिट निर्धारण भई विद्यार्थी भर्नाको लागि म्याचिङ प्रक्रिया सुरु भएको ।

| SN | Program | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| १ | Adult Nursing | 145 | 180 |
| २ | B Perfusion Technology | 5 | 5 |
| ३ | BAMS | 80 | 80 |
| ४ | BASLP | 6 | 6 |
| ५ | BDS | 565 | 565 |
| ६ | BNS | 1045 | 1150 |
| ७ | BOptometry | 67 | 67 |
| ८ | BPH | 1440 | 1350 |
| ९ | BPharm | 842 | 870 |
| १० | BPT | 150 | 170 |
| ११ | BSc Medical Biochemistry | 20 | 20 |
| १२ | BSc Medical Microbiology | 20 | 20 |
| १३ | BSc MIT | 71 | 71 |
| १४ | BSc MLT | 445 | 431 |
| १५ | BSc Nursing | 1240 | 1460 |
| १६ | Community Nursing | 65 | 34 |
| १७ | Critical Care | 120 | 40 |
| १८ | MBBS | 1835 | 1895 |
| १९ | Midwifery Science | 50 | 100 |
| २० | Pediatric Nursing | 0 | 40 |
| २१ | Psychiatric Nursing | 0 | 6 |
| २१ | B Pharmachy STC | 40 | 0 |
| | **Total** | **8251** | **8560** |

आयोगबाट हाल भई रहेका कार्यहरु:

- ✓ शिक्षा तथा स्वास्थ्य क्षेत्रका विषय विषेशज्ञ सम्मिलित समूह गठन गरी चिकित्सा शिक्षा राष्ट्रिय नीतिको प्रारम्भिक मश्यौदा तयार भएको र सो मश्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुको पृष्ठपोषणको चरणमा रहेको ।
- ✓ चिकित्सा शिक्षा स्नातक तहको सक्षमतामा आधारित राष्ट्रिय पाठ्यक्रम प्रारुप निर्माणका लागि कार्यक्रमगतरुपमा उपसमिति गठन गरी कार्यक्रमगत सक्षमताहरु संकलन भइरहेको र पाठ्यक्रम विज्ञहरुको समूहबाट प्रारम्भिक मश्यौदा लेखन समेत भइरहेको । मश्यौदा लेखन पश्चात माथि सरोकारवालाहरुको पृष्ठपोषण तथा विषेशज्ञहरु सहितको सुझाव लिने कार्यक्रम सञ्चालन हुने ।
- ✓ राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनशक्ति प्रक्षेपण योजना निर्माणका लागि जनसंख्या, तथ्याङ्क, शिक्षा र स्वास्थ्य विज्ञ सम्मिलित कार्य समूह गठन भई डेक्स रिभ्यु, तथ्याङ्क संकलन भइसकेको र तथ्याङ्क विश्लेषणका कार्यहरु र ब्याकग्राउण्ड पेपर लेखन भइरहेको ।
- ✓ नक्साङ्कन तथा संस्थागत सूचना प्रणाली विकासका लागि वर्तमान अवस्थामा विभिन्न निकायमा भइरहेका अभ्यासहरुको सूचना आदानप्रदान तथा सिकाइ अनुभवहरु लिइ आयोगका लागि उपयुक्त प्रणाली विकासका लागि अवधारणा पत्र विकासको कार्यहरु भइरहेका ।
- ✓ आयोगका कामहरु मध्ये सर्वसाधारण समेतको चासो र सरोकार भएको एकीकृत प्रवेश परीक्षा एक महत्वपूर्ण काम हो । आयोग स्थापना भएपछि परीक्षा सञ्चालनका लागि आवश्यक विभिन्न कार्यविधि र प्रक्रियागत सामग्रीहरू विकास गरेर सोहिका आधारमा एकीकृत सफ्टवेयर विकास भएको छ र यही विकसित सफ्टवेयर(४ वटा मोड्यूल) का माध्यमबाट स्नातक र स्नातकोत्तर तहका २/ २ वटा र डिएम/एमसीएच तहको १ गरी जम्मा ५ वटा परीक्षा सञ्चाल भई सकेका छन् । यी परीक्षाहरुबाट जनमानसमा आयोगले निर्धारण गरेको शिक्षण शुल्कमा मेरिट प्रणालीमा आधारीत भएर अध्ययन गर्न पाइन्छ भन्ने विश्वास बढेको छ भने भर्नाका बखतमा देखिएका शुल्क सम्वन्धी विवादहरुलाई न्युनीकरण गरेर कक्षा सञ्चालन गर्न आयोग सफल बन्दै गएको छ ।

- ✓ चिकित्सा शिक्षा आयोग समेतलाई विपक्षी बनाई हाल सम्म ७४ मुद्दा दायर भएकमा आरक्षण सम्बन्धी एउटा मुद्दा फैशला भएको छ । अन्य मुद्दाहरुमा अधिकांशमा अन्तरिम आदेश समेत जारी भएका छन् र तिनमा हुने छलफलमा सामेल भएर बहस पैरवीको माध्यमबाट आयोगको पक्षमा आदेश कायम गराउन सकिएको छ । आयोगमा तामेल हुन आएका सबै मुद्दाहरुको लिखित जवाफ समयमै पेश गरिएको छ भने ऐन र नियमको विपक्षमा अन्तरिम आदेश जारी भएका तीनवटा मुद्दामा आयोगको तर्फबाट भ्याकेटका लागि निवेदन दिइएको छ ।

चिकित्सा शिक्षा आयोगको बैठकमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको मन्तव्य

(२०७९ जेठ १७)

चिकित्सा शिक्षा आयोगका सहअध्यक्ष द्वय माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं माननीय स्वास्थ्य मन्त्रीज्यू,
आयोगका उपाध्यक्ष तथा सदस्यज्यूहरू,
उपस्थित विशिष्ट महानुभावहरू,

१. चिकित्सा शिक्षा आयोगको आजको बैठकमा उपस्थित भई आफ्नो मन्तव्य राख्न पाउँदा मलाई खुसी लागेको छ ।

२. चिकित्सा शिक्षा जस्तो महत्त्वपूर्ण र संवेदनशील विषयको नियमन र व्यवस्थापनको लागि गठित यस आयोगको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको कुरा हामी सबैलाई विदितै छ । चिकित्सा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि स्थापना भएको यो आयोगले छोटो समयमा उद्देश्य अनुसार उल्लेख्य कामहरू गरिरहेको जानकारी मैले पाएको छु ।

३. आज मुलुकमा सर्वसुलभ मूल्यमा गुणस्तरीय चिकित्सा शिक्षा सञ्चालनको व्यवस्था मिलाई आम नागरिकको स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न आयोगले ध्यान दिन जरुरी छ । चिकित्सा शिक्षा क्षेत्रलाई मुलुकको सबै प्रदेश र क्षेत्रमा विस्तार गरी चिकित्सा क्षेत्रमा आवश्यक सबै किसिमका दक्ष जनशक्तिको विकास गरी मुलुकलाई चिकित्सा अध्ययनको क्षेत्रमा आत्मनिर्भर बनाउन आयोगले नीतिगत तथा संस्थागत सुधारका विषयहरूलाई क्रमशः अघि बढाउँदै लैजानु आवश्यक छ ।

Scanned with CamScanner

मुलुकमा चिकित्सा अध्ययन प्रतिष्ठानहरूको विकाससँगै विभिन्न समस्या तथा चुनौतीहरू पनि थपिँदै गएका छन् । खासगरी चिकित्सा अध्ययन शिक्षा दिनानुदिन अत्यन्त महँगो हुँदै गई विपन्न तथा सीमान्तीकृत वर्गका विद्यार्थीहरूको पहुँच स्थापित हुन नसकेको, यस क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा बढेको, सबै अध्ययन संस्थाहरूमा समान गुणस्तर कायम गर्न नसकिएको लगायतका विषयहरू गुनासोको रूपमा रहेका छन्। यसलाई उचित तवरमा सम्बोधन गर्न चिकित्सा शिक्षा आयोगले ध्यान दिन जरुरी छ।

५. चिकित्सा शिक्षा र स्वस्थ्य विषयमा चर्चा गर्दा विगतमा कोरोना महामारीका कारणले हामीले निकै धेरै सकस व्यहोर्न परेको कुरा स्मरण गर्न चाहन्छु । महामारीका कारणले हामीले धेरै विज्ञहरू र स्वस्थ्यकर्मीहरूलाई अकालमै गुमाउनु पर्‍यो । सेवामा समर्पित हुँदाहुँदै महामारीबाट ज्यान गुमाउन पुग्नुभएका सम्पूर्ण स्वास्थ्यकर्मीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

६. आयोगका उपाध्यक्षज्यूले आज यस बैठकमा छलफल तथा स्वीकृतिका लागि प्रस्तुत गर्नुभएका विषयवस्तु (एजेण्डा) को लागि म उहाँलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत भएका एजेण्डाहरूको सम्बन्धमा -

- सर्वप्रथम, पेश भए बमोजिम आ.व. २०७९/८० को आयोगको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत,
- सम्मानित संसदको संघीय संसद, प्रतिनिधि सभा, शिक्षा तथा स्वास्थ्य समिति तथा सम्मानित सर्वोच्च अदालतको आरक्षण



Scanned with CamScanner

सम्बन्धी निर्देशन तथा फैसलालाई सम्बोधन गर्ने गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न आयोगको कार्यकारी समितिबाट एक समिति गठन,

- आयोगको कार्यकारी समितिबाट नियमानुसार गठित शुल्क सिफारिस समितिको प्रतिवेदन अनुसार तत्कालीन मुद्रास्फीतिको आधारमा सिफारिस गरिए बमोजिम गत बर्ष कायम रहेको शुल्कमा ३.६ प्रतिशतले वृद्धि हुने गरी शुल्क निर्धारण।
- यस बैठकमा अनुमोदनका लागि पेश भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सि.टि.भि.टि.) अन्तर्गतका शिक्षण संस्थाहरूको स्तरोन्नति तथा कार्यक्रम सञ्चालनको आशयपत्र प्रदान गर्न र नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज तर्फका कार्यक्रम दुवै अनुमोदन लगाएतका विषयमा निर्णयमा पुगेकोमा बैठकमा सहभागि सह-अध्यक्षज्यूहरु तथा सदस्यज्यूलाई धन्यवाद दिन चाहान्छु।

७. अन्त्यमा, आयोगको बैठकमा एकीकृत परीक्षा, चिकित्सा शिक्षा नीति, मानव-संसाधन प्रक्षेपण, नक्शाङ्कन र पाठ्यक्रम प्रारूप जस्ता विषयका बारेमा समेत जानकारी गराएकोमा उपाध्यक्ष र उहाँको टिमलाई धन्यवाद दिन चाहन्छु । चिकित्सा शिक्षामा सबैको पहुँच विस्तार र गुणस्तर अभिवृद्धिका लागि आयोगले आगामी दिनमा अझ ठोस नीति कार्यक्रम अघि बढाउने कुरामा विश्वस्त हुँदै यो बैठक यही सम्पन्न भएको जानकारी गराउँदछु ।

जय नेपाल ! धन्यवाद !

# चिकित्सा शिक्षा आयोगका उपाध्यक्षबाट आयोगकोनवौं बैठक (२०७९ जेठ १७)मा प्रस्तुत आयोगका सङ्क्षिप्त गतिविधि सम्बन्धी मन्तव्य

सम्माननीय प्रधानमन्त्री तथा चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यू,

माननीय मन्त्री तथा सहअध्यक्षज्यूहरु,

आयोगका सम्मानित सदस्यज्यूहरु,

निर्देशकज्यूहरु, आयोगका कर्मचारी लगायत अन्य महानुभावहरु,

चिकित्सा शिक्षामा राज्यको लागानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गरी नियमन, चुस्तदुरुस्त प्रणाली विकास, चिकित्सा शिक्षामा पेशाधर्मीता विकास लगायत भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गर्ने जस्ता गहन जिम्मेवारी प्राप्त गरेर स्थापना भएको यस संस्थाले आफ्नो स्थापना कालदेखि नै छुटै प्रयासका बावजुद आफ्ना निर्धारित कामहरुलाई विभिन्न बाधा अड्चनका बीच अगाडी बढाई रहेको छ । आयोगको यो नवौं बैठकसम्म आइपुग्दा आयोगबाट सम्पादित कार्यहरु तत् तत् समयका गरिमामय बैठकमा पेश पनि भएका छन् ।

म यस बैठकमा सहभागी हुनुहुने सम्मानित व्यक्तित्वहरुको समयलाई समेत ध्यानमा राखी आयोगले गरेका अन्य प्रमुख कार्यहरुलाई यस गरिमामय बैठकमा सङ्क्षिप्त रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

सम्मातनीय प्रधानमन्त्री तथा अध्यक्षज्यू,

१ चिकित्सा शिक्षा आयोगबाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७, बमोजिम हालसम्म स्नातक तह, स्नातकोत्तर तह र सो भन्दा माथिको डिएम /एमसिच (DM/MCh) तहको एकीकृत प्रवेश परीक्षा दुई चरणमा सम्पन्न गरिसकिएको छ । ती परीक्षाका नतिजाका आधारमा ऐनमा व्यवस्था भए अनुसार कार्यविधि बनाई म्याचिङ्ग प्रक्रिया पूरा गरी हाल विद्यार्थीहरु सम्बन्धित शिक्षण संस्थाहरुमा अध्ययन गरिरहेका छन् । प्रमाणका आधारमा (Evidence based) परीक्षा पद्धतिमा क्रमश सुधार गर्दै लैजान हालसम्मको अनुभव र प्रयासको स्वतन्त्र विज्ञहरुबाट एक अध्ययन/अनुसन्धान कार्य सम्पन्न गराई सो अध्ययन प्रतिवेदनको सुझावका आधारमा पर्सेन्टाइल पद्धतिका आधारमा नतिजा प्रकाशन गर्ने पद्धति विकास गरिएको छ ।

२ चिकित्सा शिक्षा आयोगका बैठकहरुबाट निर्देश भए बमोजिम कार्य सम्पादन गर्न जरुरी हुने डेढ दर्जन कार्यविधिहरु निर्माणभई कार्यान्वयनमा आएका छन् ।

३ चिकित्सा शिक्षा आयोगको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले स्पेसियालिटी र सब स्पेसियालिटीका पाठ्यक्रम विकास गरी यसै वर्षदेखि कक्षा सञ्चालनको प्रवन्ध मिलाएको छ । जस अनुसार ५ बटा अस्पतालमा १० जना विद्यार्थीहरु अध्ययनरत छन्

४ आयोगबाट सेवाग्राहीलाई नियमित रुपमा पुऱ्याउनु पर्ने सेवा प्रवाहको लागि अनलाईन प्रणालीको विकास गरी सेल्फ अप्राइजल, एकीकृत प्रवेश परीक्षा आवेदन फारम भर्ने व्यवस्था तथा इलिजिबिलिटी प्रदान गर्ने जस्ता कार्यहरु नियमित भई रहेका छन् । छिट्टैनै इलिजिबिलिटी प्रमाणपत्र प्रदान गर्ने कार्यलाई अनलाइन पद्दतिमा आवद्द गरिने छ ।

५ आयोगममा एकीकृत तथ्याङ्क व्यवस्थापनको पद्धति विकास कार्यको थालनी गरिसकिएको छ ।

६ राष्ट्रिय चिकित्सा शिक्षा ऐनमा भएको व्यवस्था अनुसार चिकित्सा शिक्षा नीति, मानवसंसाधन प्रक्षेपण, नक्शाङ्कन र पाठ्यक्रम प्रारुपका विकास सम्बन्धी कार्यहरु अगाडि बढिरहेका छन् ।

७ नियमकारी निकाय भएकोले होला अदालतहरुमा चिकित्सा शिक्षा आयोगका गतिविधिका बारेमा प्रशस्त उजुरीहरु परेका छन् । धेरैजसो अदालतका फैसलाहरुले थप उत्साह र सहजता प्रदान गरेको छ ।

८ चिकित्सा शिक्षाका चीन लगायत बिभिन्न देशहरुमा अध्ययन गरेर इन्टर्नसिप लगायतको पाठ्यांश पूरा नगरेका विद्यार्थीको समस्याका बारेमा मन्त्रिपरिषदको निर्णय र निर्देशनका सम्बन्धमा विश्वविद्यालय र प्रतिष्ठानहरुका उपकुलपतिज्यूहरु र उच्चपदस्थ अधिकारीहरु तथा नेपाल मेडिकल काउन्सिल समेतको संलग्नतामा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा सुझाव पठाइसकिएको छ ।

सम्माननीय अध्यक्ष ज्यू ,

माथि प्रस्तुत गरिएका कार्यका अतिरिक्त आयोगको स्थापना भएपछि राष्ट्रिय चिकित्सा शिक्षा ऐनको भावना र मर्म बमोजिम चिकित्सा शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र नियमनका पक्षमा उल्लेख्य प्रगति भएको अनुभूति भएको छ ।

पहुँचका सम्बन्धमा कर्णाली स्वस्थ्य विज्ञान प्रतिष्ठान; मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका प्रतिष्ठानको स्थापना भै राज्यको दुर्गम स्थानमा समेत पठनपाठन शुरु भैसकेको छ । चिकित्सा शिक्षा सम्बन्धी सार्वजनिक शिक्षण संस्थामा स्नातक तहमा ७५ प्रतिशत र स्नातकोत्तर तहमा शत प्रतिशत निःशुल्क अध्ययन गर्ने अवसर प्राप्त भएको छ । खुला र आरक्षित छात्रवृत्तिको संख्यामा बृद्धि भएको छ । जसले गर्दा हजारौं सँख्यामा सामाजिक र आर्थिकरुपमा कमजोर तथा जेहेन्दार विद्यार्थीहरुले आयोगमार्फत नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी चिकित्सा शिक्षामा कमजोर वर्गको पहुँच विस्तार भएको छ ।

गुणस्तरमा स्तरीकृत गरिएका मापदण्ड र सूचकको आधारमा विज्ञ समूहबाट चिकित्सा शिक्षा संचालन गर्ने संस्थाहरुको सिट निर्धारण गर्ने पद्धति विकास गरिएको छ । गुणस्तर अभिवृद्धिका लागि सबै चिकित्सा शिक्षा अध्ययन गर्ने संस्थाहरुको वर्गीकरण गर्ने कार्य प्रारम्भ गरिएको छ ।

नियमनकारी प्रयासहरुमा शुल्क निर्धारणमा एकरुपता, नियमित अनुगमन र पृष्ठपोषण, अध्ययन र अनुसन्धान तथा कार्दलका सुझावका आधारमा निर्णय प्रक्रिया अवलम्बन, विभिन्न माध्यमबाट आयोगमा प्राप्त भएका दर्जनौं गुनासा र सुझावहरुको कार्यान्वयनबाट धेरै बेथितिहरुलाई सम्बोधन गरिएको छ ।

आयोगबाट भए गरेका कार्यहरु आयोगको वेभसाईट तथा पत्रपत्रिका मार्फत समेत सार्वजिनक भएका छन् । बैठकका सदस्यज्यूहरुबाट कुनै पनि विषयमा जानकारी माग भएमा सोही समयमा जानकारी गराउने व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद